\\

# सुरुङ्गा नगरपालिका
## आन्तरीक लेखापरिक्षण शाखा
## मधुपट्टी, ससरी मधेश प्रदेश

पत्र संख्याः२०८०/८१
च.न. २१६

मितिः२०८०/०४/२९

विषय : आन्तरिक लेखापरीक्षण प्रतिबेदन

श्री कार्यालय प्रमुख ज्यु
सुरुङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
ससरी

प्रस्तुत बिषयमा स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ७७(२) मा व्यवस्था भए बमोजिम यस नगरपालिकाको आ.व. २०७९|८० को बिनियोजन राजस्व धरौटी र जिन्शी खाताहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिबेदन पेश गरेको छु ।

<u>बोधार्थ</u>
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार
श्री महालेखा परीक्षकको कार्यालय,बबरमहल
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,ससरी

खुम बहादुर खड्का
आन्तरीक लेखापरीक्षक

सुरुङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी ,सप्तरी

## आ. व.२०७९/०८० को आन्तरीक लेखा परिक्षण प्रतिवेदन

१.कार्यालय नाम :- सुरुङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मधुपट्टी ,सप्तरी

२. कार्यालयको उद्देश्य :-
(क ) स्थानीय सरकार संचालन
(ख ) स्थानीय विकास

३.प्रमुख कियाकलापहरु :-
(क) आवश्यक नगर विकासका लागि वार्षिक ,आवधिक र विषयगत योजना तर्जुमा
(ख) स्थानीय सरकार संचालनको लागि आवश्यक कानून र मापदण्ड निर्माण
(ग) नगर सभाबाट पारित वार्षिक कार्यक्रम संचालन/कार्यान्वयन गर्ने
(घ) स्थानीय सरकार संचालन ऐन ,२०७४ बमोजिम स्थानिय सरकारले गर्नुपर्ने कार्य सम्पादनहरु गर्ने
(ङ संघिय सरकार र प्रादेशिक सरकार बाट हस्तान्तरित आयोजना र कार्यक्रम संचालन गर्ने

४.कार्यालय प्रमुखको नाम : श्री गजेन्द्रनाथ शर्मा (२०७९/०४/१ देखि हालसम्म )

५.आर्थिक प्रशासन शाखा प्रमुखको नाम :- लेखापाल श्री सिताराम कार्की

६.परिक्षण गरिएका श्रेस्ताहरु

-गोश्वारा भौचर तथा संग्लन कागजातहरु
-बैंक नगदी किताव
-खर्चको फाटवारी
-खरिद निर्णय सम्वन्धी फाईल
-भुक्तानी आदेश
-बैंक/नगदी रसिद
-बैंक विवरण
-SUTRA का अभिलेखहरु

| सि.न | लेखापरीक्षण बाट देखिएको व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १. | परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई संचालन गरी स्थानीय तहमा विधायकी,कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुरुङ्गा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता,सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस सुरुङ्गा नगरपालिका अन्तर्गत ११ वटा वडा, ६५ सभा सदस्य, १०७.०४ वर्ग कि.मि. क्षेत्रफल र ४९ हजार ६ सय ६८ जनसंख्या रहेको छ | |
| २. | आन्तरिक नियन्त्रण प्रणाली<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालय बाट गरिने कार्य मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढंगले सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।<br>• पालिका बाट संचालित आयोजना हरुको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तयार नभएको ।<br>• संचालित योजनाको सुचना पाटीमा आय-व्यय, अपेक्षित प्रतिफल,र वास्तविक लाभ र कर्यसम्पदान को विषय पारदर्शी हुन नसकेको । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र परिक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी मात्र सहभागी भइ सार्वजनिक परिक्षण गर्ने गरेको पाईयो ।<br>• ठेक्का तथा उपभोक्ता बाट हुने गरेको योजना विस्तृत अभिलेख देखिने गरि ठेक्का अभिलेख खाता तयार नगरिएको ।<br>• पालिकाले कृषि पशुसँग सम्वन्धित सामग्री,लघु उधम सँग सम्वन्धि सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान स्पष्ट खुल्ने गरी नागरिकता नम्वर सम्पर्क नम्वर समावेश नगरी नाम ठेगाना मात्र उल्लेख गर्ने गरेको<br>• राजस्व १५/१५ दिनमा दाखिला हुने गरेको ।<br>• अन्तिम चौमासिक र आषाढ महिनामा सीमाभन्दा वढी खर्च गरेको ।<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन नगरेको ।<br>• कन्टेनजेंसी आय र खर्चको अभिलेख नराखेको ।<br>• प्रयोग गर्न नसकीने र सेवा दिन नसक्ने सम्पतीको लिलामी र राफसाफ नभएको ।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र | |

७. सम्बन्धित ऐन नियम ,निर्देशिका र कार्यविधि

(क )संघिय कानून

- स्थानिय सरकार संचालन ऐन ,२०७४

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ,२०७४

- आर्थिक ऐन ,२०७८

- आयकर ऐन ,२०५८ र नियमावली ,२०५९

- सार्वजनिक खरिद ऐन ,२०६३ र नियमावली २०६४

- आर्थिक संकेत वर्गीकरण र व्याख्या ,२०७४

- भ्रमण खर्च नियमावली ,२०६४

- स्थानिय निकाय आर्थिक प्रशासन नियमावली ,२०६४

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन ,२०७६

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७६

-स्थानिय तहमा स्वास्थ्य कार्यक्रम संचालनका लागि मार्गदर्शन (स्वास्थ्य मन्त्रालय )

(ख) प्रादेशिक कानून

-प्रदेश सरकारको आर्थिक ऐन ,२०७९

-प्रदेश खर्चको मापदण्ड

(ग) स्थानीय तहको कानून

-सुरुंगा नगरपालिको आर्थिक ऐन ,२०७९

-सुरुंगा नगरपालिकाको विनियोजन ऐन ,२०७९

-सुरुंगा नगरपालिकाको आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्न बनेको कानून ,२०७९

वार्षिक खरिद योजना तयार गरी एकीकृत खरिद प्रक्रिया अपनाउनुपर्नेमा सो गरेको पाईएन

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाइ तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाहलाई सुदृढ बनाउने तर्फ ध्यान दिनु जरुरी छ ।

३. चौमासिक पुजीगत खर्च: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कुल ६३.७३ प्रतिशत पुजीगत खर्च भएकोमा प्रथम चौमासिकमा १८.२४ प्रतिशत दोस्रो चौमासिकमा ११.५३ प्रतिशत र तेस्रो चौमासिकमा ७०.२३ प्रतिशत असारमा मात्र ३५.२० प्रतिशत भएको छ।वर्षको अन्तिममा आएर बढी खर्च गरेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। निर्माण कार्यको गुणस्तरीयता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्छ ।

| खर्च शिर्षक | कुल खर्च | चौमासिक खर्च | | | असारको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | |
| पुँजीगत खर्च | १८९२६९२००\|४२ | ३४५२७०७५\|४२ | २१८२३१७६ | १३२९१८९४९ | १०४५४४२४१ |
| प्रतिशत | | १८.२४ | ११.५३ | ७०.२३ | ३५.२० |

४. योजना छनौट: स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागितामुलक,उत्पादनमुलक र प्रतिफल प्रास योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत गरी छनौट गरी संचालन गरेको अधिकांश योजना न्यून बजेट भएका र छरिएर रहेका छन ।योजनाको संख्या धेरै हुदाँ पालिकाको जनशक्ति वर्षभरि योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्राविधिक कर्मचारीलाइ कार्य सम्पादनमा कठिनाई भई त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिन्छ । तसर्थ योजना छनौट गर्दा ध्यान दिनु जरुरी छ।

५. खर्च विश्लेषण : पालिकाको कुल आन्तरिक आयबाट रु २,३४,४७,९०५|१५ राजस्व बाडफाड बाट १०,९२,३७६०,१६३|४४ र अनुदान बाट रु. ४८,७६,११,००० गरि कुल आम्दानी रु.६२,०२,९६,०६७|६४ भएकोमा चालु तर्फ रु. ३७,७९,८५,४०१;२३ पुजीगत तर्फ रु १८,९२,६९,२००|४२ समेत गरि रु ५६,७२,५४,६०१|६५ खर्च भएको देखिन्छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.१३ प्रतिशत रहेको छ ।

६. ठेक्का रकम बक्यौता बाकि : यस पालिकाको विभिन्न मितिमा लागेको हाटबजार तथा पोखरी ठेक्का वापतको रकम असुल गर्न बाकि रहेकोले असुल हुनुपर्ने, २,२५,४८९

| सी.न | हाटबजार/पोखरीको नाम | ठेकदारको नाम | बाकि रकम |
|---|---|---|---|
| १ | कुशाहामा लाग्ने हाट | मजलुम मिया | ३४,३५८ |
| २ | भेडियामा लाग्ने हाट | लक्ष्मण महतो | १८,८५२ |
| ३ | रामजानकी मन्दिर नजिकको पोखरी | बिमल कुमार चौधरी | ५३,८६० |
| ४ | टिकुलिया उत्तर पट्टिको डगरमा रहेको खत्ता | नथुनी मिया | ३,००० |
| ५ | कुशाहा पोखरी | अलि हसन महमद | ८८,५५२ |
| ६ | तेदहरी पोखरी | दुर्गेस प्रसाद यादब | २६,८६७ |
| जम्मा | | | २,२५,४८९ |

७. **पेश्की बाकि** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन ,२०७६ को दफा ७४ मा सार्बजनिक निकायबाट कुनैपनि प्रयोजनको लागी दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिनभित्र फछ्यौंट गरिसक्नुपर्ने ब्यबस्था छ । यस पालिकाको निम्न अनुसारको पेश्की बाकि रहेकोमा शिघ्र फछ्यौंट हुनुपर्ने ६४,५४,०९९

| सी.न | पेश्की लिनेको नाम | प्रयोजन | पेश्की रकम |
|---|---|---|---|
| १ | अल नुर कन्स्ट्रक्शन | सत्यनारायण साहको घर देखि सिताराम साहको घर सम्म पक्की नाला तथा पिसिसी ढलान वडा नं ८ | १,८३,७६५ |
| २ | अल नुर कन्स्ट्रक्शन | पशुपति बजार कडरवोनाको बजार सेवा पूर्ण रुपमा आर.सि.सि. ढलान सहित टहराको निर्माण वडा नं ६ | २,७०,३३४ |
| ३ | मचिन्द्र /राज बिल्डर्स / भवानी जे.भी. | प्रमुख प्रशासकीय भवन निर्माण | २५,००,००० |
| ४ | मचिन्द्र /राज बिल्डर्स / भवानी जे.भी. | प्रमुख प्रशासकीय भवन निर्माण | ३५,००,००० |
| जम्मा | | | ६४,५४,०९९ |